आज मिति २०७८।६।५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चित्रेभञ्ज्याङ, स्याङ्जा २०७३

अध्यक्ष

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | लालचन गैह्रे | हरिनास गाउपालिका कार्यालय |
| | नोल वहादुर थापा | हरिनास गाउपालिका कार्यालय |

निर्णय नं १ — हरिनास गाउँपालिका वार्ड नं. १ स्थित श्री आधारभुत माध्यमिक विद्यालय हरिनास-१ स्याङजाका प्रधानाध्यापक सूर्यप्रसाद पौडेलले आ.व. २०७५।०७६ र ०७७।०७८ मा रु. ७९७८८०।- गणित विषय अध्यापन गर्नका लागी दिपेन्द्र पोखेललाइ नियुक्ति गरेको भनि शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तरगत बिधालयका नाममा उल्लेखित रकम गएकोमा उक्त शिक्षक नियुक्ति नगरी यस कार्यालयबाट गएको अनुदान रकम हिनामिना गरको देखिएकोले आवश्यक कारवाइका लागी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरामा पठाउने निर्णय गरियो ।

निर्णय नं.२ — हरिनास गाउँपालिका वार्ड नं. ६ बस्ने बिष्णु वहादुर रुचालका छोरा बर्ष १२ का गगन रुचाललाइ मस्तिष्क सम्वन्धि रोग लागी उपचार गराउनु पर्ने भएको र निजको घरको आर्थिक अवस्था कमजोर भएकोले यस गाउँपालिकाको आर्थिक सहायता कोष बमोजिम रु २००००।- बिसहजार रुपैया सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ — वडा दशै २०७८ को उपलक्ष्यमा हरिनास गाउँपालिका गाउँकार्यपालिकाका सदस्य एंव पालिका भित्र रहेका राजनैतिक दलका प्रतिनिधिहरु सहितको आम भेला गरी वडा दशै २०७८ को शुभकामना आदान प्रदान गर्नका लागि मिति २०७८।६।२२ गते निमन्त्रणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ — आ.व. २०७७।०७८ मा निर्माण सम्पन्न भएका हरिनास गाउँपालिका वार्ड नं. १,२ र ३ का वडा कार्यालयहरुमा फर्निचर सामाग्री कम भएकाले आवश्यक पर्ने फर्निचर सामाग्रीहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही बिनियोजन बजेटको दायरामा रही फर्निचर खरिद गर्ने निर्णय गरियो ।

हरिनास गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ, स्याङजा

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत